# वन डढेलो सम्बन्धि अन्तरक्रिया

**सिम्रिक सम्वाददाता**
**बेल्टार, १५ चैत्र**

सव डिभिजन वन कार्यालय बेल्टार उदयपुरको संयोजनमा सामुदायिक वन उपभोक्ता समितिहरूले वन डढेलो सम्बन्धी सरोकारवालाहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । चौदण्डीगढी नगरपालिकाको बनाउने, आगो निभाउने औजार राख्ने लगायतको बिषयमा गम्भिर छलफल गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै सव डिभिजन वन कार्यालय बेल्टारका प्रमुख बिजय कुमार यादबले वन डढेलो नियन्त्रणलाई प्रभावकारी बनाउन उपभोक्ताहरूलाई जागरूक



बेल्टार बजारस्थित सव डिभिजन वन कार्यालय परिषरमा भएको सव डिभिजन वन कार्यालय स्तरीय कार्यक्रममा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष, सचिव लगायतका प्रतिनीधिहरूको उपस्थिती रहेको थियो ।

कार्यक्रममा वन डढेलो नियन्त्रणका लागि गर्नुपर्ने कार्यहरू सम्बन्धमा छलफल भएको थियो । छलफलमा सहभागीहरूले वन डढेलो नियन्त्रणका लागि अग्नी रेखा निमार्ण गर्ने, वनजंगलमा चरिचरण रोक्ने, वन क्षेत्रका खाली जग्गामा रूखबिरूवा रोप्ने, सबै सामुदायिक वन उपभोक्त समितिहरूले डढेलो नियन्त्रणका लागि टाक्स फोर्स बनाउन जरूरी रहेको हुनाले जनचेतनाको कार्यक्रमहरू पनि अगाडी बढाउनु पर्ने बताएका थिए ।

सामुदायिक स्तरमै वनसम्बन्धी जनचेतना फैलाउन रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन संचार माध्यमको आवश्यक रहेको रेडियो चौदण्डीका संचालक सन्तोष कुमार रौनियारले बताए । कार्यक्रममा वडा नम्बर ७ का वडा अध्यक्ष तेजराज तिम्सिना, वडा नम्बर ८ का कार्यबाहक वडा अध्यक्ष गडुरमान बिक, फोरेस्टर संदिप राई, वन कर्मचारी शैलेन्द्र झा लगायत सामुदायिक वनका पदाधिकारीहरूको उपस्थिती रहेको थियो ।




## आजको राशिफल

**- ज्यो.प. मुकुन्दप्रसाद**

**मेष** - व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ ।
**वृष** - राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक नेतृत्व हातलागी हुनेछ ।
**मिथुन** - अरुको मुख ताक्ने बानीले काम अधुरो रहनेछ । भाग्यले साथ दिए पनि परिस्थितिवश फाइदा नहुने काममा अलमलिनुपर्ला ।
**कर्कट** - खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ । गोपनीयता बाहिरिनाले समस्या आइपर्ला। काम बिग्रने भयले सताउनेछ ।
**सिंह** - विशेष अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ । छोटो समयमा फाइदा उठाउन सकिनेछ ।
**कन्या** - प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।
**तुला** - अवसर र व्यवधानको उतारचढावबाट न्यून प्रतिफल हातलागी हुनेछ । कामको मेसो नमिल्दा व्यवहारमा पछि परिएला। आफ्ना कामबाट अरुले फाइदा उठाउन सक्छन् ।
**वृश्चिक** - आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरुले प्रतिबद्धता पूरा नगर्न सक्छन् ।
**धनु** - नयाँ काम प्रारम्भ गर्ने समय छ । मिहिनेतले दिगो फाइदा दिलाउनेछ। प्रतिस्पर्धीले हार खानेछन् । परिश्रम परे पनि समय निकै फलदायी रहनेछ ।
**मकर** - बोलीको गलत अर्थ लाग्नाले मान-सम्मानमा आघात पुग्नेछ । विचार सम्प्रेषण गर्नुअघि राम्ररी विचार पुर्याउनुहोला
**कुम्भ** - रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ । मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ
**मीन** - अरुको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ । उधारोमा व्यापार हुनेछ ।

# कटारी नगरपालिका
## नगरपालिकाको कार्यालय
## कटारी उदयपुर

### निशुल्क तथा शशुल्क औषधि खरिद सम्बन्धि शिलवन्दी बोलपत्र आह्वानको १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।१२।१३
सुचना नं.

कटारी नगरपालिका अर्न्तगत रहेको कटारी अस्पतालमा आ.व. २०७८।०७९ मा नि:शुल्क तथा श:शुल्क तर्फको स्वास्थ्य सेवाको लागी औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धि शिलबन्दी बोलपत्रद्वारा गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । ईच्छुक इजाजत प्राप्त ब्यक्ति, फर्म, संस्था, सप्लायर्स तथा कम्पनीबाट आफ्नो फर्मको नबिकरण भएको प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपि, औषधि ब्यावसायी प्रमाण पत्रहरु नोटरी पब्लिकबाट प्रमाणित गराई निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ । यो सुचना यस कार्यालयको वेव http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

१. शिलवन्दी बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र रु. १००० (फिर्ता नहुने) नगदै बुझाई शिलबन्दि दरभाउपत्र फारम यस कार्यालयबाट दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले खरिद गर्न सक्नेछन ।
२. खरिद भएको शिलबन्दि दरभाउपत्र फारम कबोल अंकको ३ प्रतिशत रकम नगदै राष्ट्रिय बाणिज्य बैक कटारी शाखामा रहेका यस कार्यालयको धरौटी खाता न. २०५०१००३०३००००२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र (BID BOND) संकलन गरि रित पुर्वक सहि छाप तथा शिलबन्दि दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिनेछ । कागजातहरु पेश नगरेको दरभाउपत्र दाताहरुको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन ।
३. खरिद हुने औषधिको म्यादको सम्बन्धमा दरभाउपत्रको Specification मा उल्लेख भए अनुसारको हुनु पर्ने छ । Specification मा उल्लेख नभएको औषधिको म्याद उक्त औषधिहरुको Manufacturing date बाट Expiry date कम्तिमा ८० प्रतिशत बाँकि हुँदा स्टोरमा दाखिला हुनुपर्ने छ । सो भन्दा घटि म्याद भएका औषधि तथा अन्य सामानहरु कुनै पनि हालतमा बुझिलिईने छैन । टुटफुट तथा प्राविधिक समस्या भएका कुनै पनि औषधिहरु समेत बुझिलिईने छैन ।
४. आफुले सप्लाई गर्ने औषधिहरुको अधिकार पत्र (Aurthority Letter) स्वदेशि कम्पनिको हकमा उत्पादक बाट र विदेशि कम्पनि भए National suppliers बाट लिई पेश गर्नु पर्नेछ ।
५. औषधिहरुको दरभाउपत्र फारममा उल्लेख भए बमोजिम परिणाम सम्झौता भए पश्चात यस कार्यालयको स्टोरमा दरभाउपत्रदाताले आफ्नै तर्फबाट ढुवानी गरि बुझाउनु पर्नेछ । सम्झौता बमोजिमका सामानहरु सम्झौता बमोजिमका सामानहरु सम्झौतामा उल्लेख भएको अवधि भित्र सप्लाई गरि सक्नु पर्नेछ ।
६. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउ पत्रको दरभाउपत्रको शिलबन्दि खाम बाहिर दरभाउपत्र खरिद गरेको कार्यालयको नाम, तथा नि:शुल्क तथा शशुल्क स्वास्थ्य सेवाको लागि अत्यावश्यक औषधिहरु खरिद सम्बन्धि शिलबन्दि दरभाउपत्र भनि उल्लेख गर्नु पर्नेछ । साथै उक्त शिलबन्दि खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम ठेगाना समेत उल्लेख गरि पेश गर्नु पर्नेछ ।
७. दरभाउपत्रदाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सहि गरि फर्म वा कम्पनिको छाप समेत लगाउनु पर्नेछ । यसो नगरेको दरभाउपत्रलाई रित नपुगेको मानिने छ ।
८. खरिद हुने औषधिहरु मध्ये नि:शुल्क तर्फको औषधिमा प्रत्येक Strip, Bottle को बाहिर उत्पादन मिति, Expiry Date, कम्पनीको नाम तथा Supply for Ministry of Health and Population Nepal (नेपाल सरकार बाट निशुल्क वितरणको लागी) भनी लेखिएको हुनुपर्नेछ भने श:शुल्क तर्फको औषधि खरिदमा प्रत्येक Strip, Bottle को बाहिर उत्पादन मिति, Expiry Date, कम्पनीको नाम,ब्याच नं. र औषधिको मुल्य प्रस्ट लेखिएको हुनु पर्नेछ ।
९. यस राष्ट्रिय दैनिक पत्रिकामा प्रथप पटक प्रकाशित भएको मितिले १५ औं दिनको १२:०० बजे भित्र आफुले खरिद गरेको दरभाउपत्र रितपुर्बक भरि शिलबन्दि गरि यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे सरकारी प्रतिनिधि , दरभाउपत्रदाता ,वा निजको प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाध्य पर्ने छैन ।
१०. ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरि बिचमा छाडेमा वा सम्झौता बमोजिमको प्रगति नगरेमा ठेक्का तोड्न सकिनेछ । सम्झौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधि दाखिला गर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कार्वाहि हुनेछ ।
११. औषधिको हकमा WHO, GMP प्रमाणित र सामाग्रिहरुको हकमा ISO मापदण्ड प्राप्त कम्पनिहरुको हुनु पर्नेछ ।
१२. दर रेट अंक र अक्षमा प्रष्ट लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
१३. एक फर्मको नाममा खरिद गरिएको शिलबन्दि दरभाउपत्र फारम अर्को ब्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।
१४. प्राप्त हुन आएका दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्विकार गर्ने वा पुर्ण रुपमा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउपत्रमा उल्लेख भएका औषधि तथा अन्य सामानहरुको परिणाम थपघट समेत हुन सक्ने र यसरी थपघट भएता पनि दरभाउपत्रदाताले कवोल गरेको दरमा उपलब्ध गराउनु पर्नेछ ।
१५. शिलवन्दि दरभाउपत्र मुल्याङ्कन तथा स्विकृतिको निर्णय आईटमवाईज दररेट वा एकमुष्ट दररेटमा स्विकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।
१६. यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजानिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावलि २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

तपशिल :

| क्र.स | बिवरण | इष्टिमेट अंक | धरौटि रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कटारी अस्पतालमा आवश्यक शशुल्क तथा नि: शुल्क औषधि तथा सर्जिकल सामाग्रिहरु खरिद | १५,००,०००। | ४५,०००। | मु.अ.कर तथा ओभर हेड सहित |

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner